# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

महान्यायाधिवक्ताको कार्यालय नेपाल

पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- १९६८

रामशाहपथ, काठमाडौं


मिति २०८३/०१/११

ने.सं. ११४६ वछलाथ्व: ८, शुक्रबार

विषयः निर्देशन सम्बन्धमा ।

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८३/०१/०४ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ । साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ३०७९ मिति २०८२/०१/३१ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

<u>निर्देशन नं. ४२ बिगोको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा:</u> सरकारवादी फौजदारी मुद्दामा कानून बमोजिम कसूर पीडितलाई भराउनु पर्ने बिगोको दाबीलाई वस्तुपरक तथा प्रभावकारी बनाउन देहाय बमोजिमका आधारहरू मध्ये कुनै आधार अवलम्बन गर्नु तथा अनुसन्धानको क्रममा ती आधारहरू बाट बिगो यकिन गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिनु।

(क) कसूर सँग सम्बन्धित कुनै बस्तु वा साधनको हकमा खरिद वा बिक्री गरिएको बिल भरपाई वा लिखत अनुसारको वास्तविक मूल्य,

(ख) बरामद भई आएको धनमालको विल भरपाई वा सो नभएमा सम्बन्धित निकायबाट खुलेको वास्तविक मूल्य,

(ग) कुनै धनमाल सम्पत्तिको मूल्य भएको वस्तुको मूल्य खुलाउने मुचुल्का वा अन्य कुनै मुचुल्काबाट खुलेको मूल्य,

(घ) बैङ्क स्टेटमेण्ट, डिजिटल भौचर तथा स्लीप, पास बुक, लेजर, सफ्टवेयर, अडिट रिपोर्ट, DDA (Due Diligence Audit) रिपोर्ट आदिबाट खुलेको मूल्य वा रकम,

(ङ) E-transaction, अनलाइन पेमेन्ट आदिबाट खुल्ने रकम,

(च) कानून बमोजिम सृजना भएका वा अभिलिखित कुनै लिखत, सम्झौता, करार, चेक, भौचर आदिबाट खुलेको मूल्य वा रकम,

(छ) कुनै कसूरजन्य कार्यका कारण पुरानो मालसामानको हानि वा क्षति भएको भए प्रचलित कानून बमोजिम ह्रासकट्टी गरी कायम हुन आएको मूल्य वा रकम,

(ज) कुनै कसूरका अभियुक्तले अनुसन्धानको क्रममा बयान गर्दा कसूरसँग सम्बन्धित विगोको पूरै वा आंशिक रकम तिरिसकेको भए सो कट्टी गरी कायम हुन आउने मूल्य वा रकम,

(झ) कुनै कसूरको अभियुक्तले सो कसूरबाट आर्जन गरेको पुष्टि हुने वास्तविक रकम वा परिवर्त्य मूल्य,

(ञ) बीमितलाई बीमा दावीको क्षति मूल्याङ्कन भई भुक्तानी गर्दाका आधारमा सम्बन्धित कम्पनी वा नियामक निकायबाट खुलाई पठाइएको रकम,


☎: ४२००८०७, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

(ट) कानून बमोजिम स्थापित वा तोकिएका निकाय तथा संयन्त्रबाट खुली आएको बिगो वा रकम,

(ठ) प्रचलित कानून बमोजिम तोकिएका स्थानीय तहका पदाधिकारी, प्रतिनिधि वा संयन्त्रबाट कायम भएको पञ्चकीर्ते मूल्य,

(ड) घरजग्गा कारोबार तथा घरको मूल्यांकनका लागि सरकारी वा सार्वजनिक निकायबाट समय समयमा निर्धारण गरिएको मूल्य, प्रचलित कानूनमा बिगो निर्धारण गर्न तोकिएका अन्य आधारहरूबाट कायम हुन आउने बिगो,

(ढ) मूल्यांकनकर्ता निकाय वा मूल्यांकनकर्ता (भ्यालुयटर) बाट निर्धारण गरिएको मूल्य,

(ण) प्रचलित कानूनमा बिगो निर्धारण सम्बन्धी छुट्टै व्यवस्था वा मापदण्ड तोकिएको भए सो बमोजिम कायम हुने वास्तविक रकम,

(त) कसूरदारको सम्पूर्ण कारोबारको आधारमा नभई कसूरसँग प्रत्यक्ष सम्बन्धित कारोबारका आधारमा मात्र कायम हुने मूल्य,

(थ) बरामद भएका मालवस्तुको हकमा मात्र कायम हुने मूल्य,

(द) पीडितले व्यहोर्नु पर्ने वा व्यहोर्नु परेको हानि, व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने विजक बमोजिमको खर्च वा मूल्य,

(ध) आन्तरिक राजस्व कार्यालयले कर प्रयोजनका लागि कायम गरेको मूल्य,

(न) पीडितलाई परेको हानि वा क्षतिको प्रकृति तथा प्रभाव अनुसार अन्य उपयुक्त आधारबाट खुल्ने रकम,

(न्न) धितो मूल्यांकनकर्ताको प्रतिवेदन, Field Visit Inspection Report, कर चुक्ता प्रमाणपत्र, विशेषज्ञको प्रतिवेदन वा अन्य कुनै डिजिटल अभिलेखबाट खुल्ने रकम।

<u>निर्देशन नं. ४३ अन्तरिम राहत तथा क्षतिपूर्ती दिलाउन दावी लिने सम्बन्धमा:</u> सरकार वादी फौजदारी मुद्दामा कसूर पीडितलाई अन्तरिम राहत तथा क्षतिपूर्ति दिलाउन दाबी लिने अभ्यास अत्यन्त न्यून रहेको देखिएको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ मा उल्लिखित अवस्था विद्यमान रहेको देखिएकोमा मुद्दाको अभियोजन पूर्व वा अभियोजन गर्दाका बखत सो को लागि दाबी लिनु।

<u>निर्देशन नं. ४४ क्षतिपूर्तिको दावीलाई वस्तुपरक तथा प्रभावकारी बनाउने सम्बन्धमा:</u> सरकार वादी फौजदारी मुद्दामा कानून बमोजिम कसूर पीडितले पाउनु पर्ने क्षतिपूर्तिको दाबीलाई वस्तुपरक तथा प्रभावकारी बनाउन अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३१ को कानूनी व्यवस्था समेत लाई मध्येनजर गर्दै देहाय बमोजिमको आधारहरू अवलम्बन गर्नु तथा अनुसन्धानको क्रममा ती आधारहरूको यकिन गरी अनुसन्धान अधिकारीलाई निर्देशन दिनु।

(क) पीडितलाई अस्पताल पुन्याउँन तथा अस्पतालमा भर्ना हुँदा लाग्ने वा लागेको खर्च,

(ख) पीडितको उपचार पूर्व पीडाको अवस्था निदान गर्न/गर्दा (Diagnosis) लाग्ने वा लागेको खर्च,

(ग) पीडितको उपचारको क्रममा आवश्यक परीक्षण गराउँदा लाग्ने वा लागेको खर्च,

(घ) पीडितको उपचारको क्रममा चिकित्सकीय, मनोवैज्ञानिक वा मनोचिकित्सकीय लगायतका परामर्श गराउनु पर्ने भए सो बापत लाग्ने वा लागेको खर्च,


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

(ङ) पीडितको उपचारको क्रममा शल्यक्रिया गर्दा आवश्यक पर्ने उपकरण वा बिरामीलाई बेहोश बनाउँदा लाग्ने वा लागेको खर्च,

(च) चिकित्सकीय पूर्जा (प्रेस्क्रिप्सन) बमोजिम लाग्ने अस्पताल शुल्क, औषधिको बिल, बेड चार्ज तथा शल्यक्रिया शुल्क,

(छ) उपचारको क्रममा अनलाइन पेमेन्ट गरिएको भए सोबाट खुल्ने मनासिब रकम,

(ज) पीडितको उपचारको क्रममा बिरामी कुरुवा एक जनाको न्यूनतम निर्वाहजनक खाना खर्च,

(झ) पीडितलाई उपचार गर्दा उद्वार गरी पीडित वा निजको तर्फबाट गरिएको मनासिब खर्च,

(ञ) कसूरको क्रममा पीडितको कुनै चिजवस्तु वा मालसामान बिग्रे, भत्के वा टुटफुट भएको भए सो मर्मतसम्भार गर्न वा नयाँ खरिद गर्न लाग्ने वा लागेको रकम,

(ट) भविष्यमा थप उपचारको लागि पीडितलाई आवश्यक पर्ने मनासिब रकम,

(ठ) अभिभावक वा संरक्षक आवश्यक पर्ने पीडित भए निजलाई बस्न, खान तथा शिक्षा समेतका लागि लाग्ने न्यूनतम रकम,

(ड) वस्तुनिष्ठ प्रमाणले पुष्टि हुने पीडित प्रभाव प्रतिवेदन (Victim Impact Report) वा पीडितको लिखित निवेदनमा दाबी गरिएको रकम,

(ढ) कसूरको परिणामस्वरूप पीडितले व्यहोर्नु परेको वा पर्ने वास्तविक आर्थिक क्षति,

(ण) कसूरको परिणामस्वरूप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता तथा आम्दानीको हानि,

(त) कसूर पीडितको मृत्यु भएको भए निजको दाहसँस्कारका लाग्ने खर्च तथा पीडितको अध्ययन, रोजगारी वा व्यवसायमा पुगेको हानि,

(थ) क्षतिपूर्ति निर्धारण सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था वा मापदण्ड तोकिएको भए सो बमोजिम कायम हुने वास्तविक रकम,

(द) पीडित र कसूरदार बीच क्षतिपूर्ति लिनेदिने सम्बन्धमा कुनै सहमति भएको भए सो बमोजिमको रकम,

(ध) कसूरको गम्भीरता र प्रकृति, पीडित र पीडकको आर्थिक अवस्था र विवरण,

(न) घटनामा संलग्न पक्षहरूको कानूनी दायित्व,

(ऩ) पीडित तथा निजमा आश्रित व्यक्तिहरूको अवस्था,

(प) नेपाल सरकार वा सम्बन्धित मेडिकल बोर्डबाट समय समयमा उपचार खर्च सम्बन्धी Item-wise निर्धारण गरिएको रकम

(फ) पीडितको शारीरिक परीक्षणका क्रममा गरिएको मानसिक तथा मनोवैज्ञानिक परीक्षण तथा आवश्यकता अनुसार psychological counseling का लागि रिफर गरी सम्बन्धित विशेषज्ञले प्रतिवेदनमा उल्लेख गरेको मानसिक, भावनात्मक तथा मनोवैज्ञानिक अवस्थाको आधारमा यकिन गरिएको रकम,

(ब) एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center - OCMC) बाट खुली आएको पीडितले उपचार वा कसूरका कारण भोग्नु परेको नोक्सानी वापतको रकम आदि।

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८२/०८३

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :-


**निर्देशन.नं.४५ साक्षी वकपत्रलाई प्रभावकारी बनाउने सम्बन्धमा:** साक्षी बकपत्रको प्रभावकारिता सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८०/०२/०२ मा निर्देशन नं. २७ बाट निर्देशन जारी गरिएको भएता पनि बकपत्रको क्रममा सरकारी वकीलको उपस्थिति नहुने भन्ने गुनासो हाल सम्म पनि आइरहेको हुँदा बकपत्रको क्रममा अनिवार्य रूपमा सरकारी वकीलको उपस्थिति सुनिश्चित गर्नु, बकपत्र हुनु अघि पीडित तथा साक्षीलाई प्रभावकारी रूपमा परामर्श दिनु तथा निम्न ढाँचा अनुसार महान्यायाधिवक्ताको कार्यालयको मुद्दा महाशाखामा प्रतिवेदन (Reporting) गर्ने व्यवस्था मिलाउनु।

### पीडित तथा साक्षीको बकपत्र सम्बन्धमा प्रतिवेदन गर्ने फारामको ढाँचा

### जिल्ला/उच्च/विशेष सरकारी वकील कार्यालय

................................

| क्र.सं. | मुद्दाको नाम | बकपत्र भए/नभएको | बकपत्र नभएको भए सो को कारण | बकपत्र भएको भए बकपत्र गर्ने पीडित तथा साक्षीको बिबरण | बकपत्रमा उपस्थित सरकारी वकीलको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

२०८२.१.११

(अच्युत मणि न्यौपाने)

सहन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय

श्रीमान् नायव महान्यायाधिवक्ताज्यूहरू।